प्रस्ताब नं ३ :

जि.स.स.बाट प्राप्त हुने अनुदानको योजना छनौट तथा लागत सहभागिता सम्बन्धमा |

प्रस्तावको संक्षिप्त व्यहोरा :

मान्विक जिल्ला विकाम समितिको कोषमा रहेको रकम यस जिल्लाका स्थानीय तहहरुलाई बाडफाड गर्दा यस गाउँपालिकलाई प्राप्त हुने रु ४६ लाख अनुदानलाई ६०% मानि ४०% समपुरक समेत राखी योजना छनौट गर्नुपर्ने |

हुनुपर्ने निर्णय :

उक्त अनुदान रु ४६ लाखलाई ६०% मानि ४०% समपुरक गाउँपालिकाले व्यहोर्ने र उक्त रकमबाट प्रदेश सरकारबाट बहुउद्देश्यिय हल निर्माण गर्न उपलब्ध गराएको रकमबाट हल निर्माण गर्न निर्णय भएको योजनामानै समावेश गरि तला थप गरि कार्यालय भवन निर्माण गर्न बहु बर्षिय टेन्डर प्रक्रियामा लैजाने |

निर्णय:

प्रस्तावमा लेखिए बमोजिम गर्ने |

प्रस्ताब नं ४ :

प्रदेश ५ भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयद्वारा प्रस्तावित साझेदारी कार्यक्रम अन्तर्गत कृषि उपज संकलन केन्द्र निर्माणको प्रस्ताव सम्वन्धमा |

प्रस्तावको संक्षिप्त व्यहोरा :

प्रदेश नं ५ भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयद्वारा प्रस्ताव आव्हान गरिए अनुसार यस गाउँपालिकाबाट प्रस्ताव पेश गर्नुपर्ने |

हुनुपर्ने निर्णय :

प्रदेश नं ५ भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयले आव्हान गरे अनुसार रु १५ लाखलाई ८०% मानि २०% समपुरक रकम गाउँपालिकाबाट व्यहोर्ने गरि गाउँपालिका कार्यालय नजिक रहेको गाउँपालिकाको जग्गामा कृषि उपज संकलन केन्द्र भवन निर्माण गर्न प्रस्ताव पेश गर्ने |

निर्णय:

प्रस्तावमा लेखिए बमोजिम गर्ने |

प्रमुख प्रशासकीय अधिकृत